**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले आज स्कूल ऑफ अल्टीमेट लीडरशिप-सोल लीडरशिप कॉन्क्लेवको पहिलो संस्करणको उद्घाटन गर्नुहुनेछ।
- विदेश मंत्री डॉ. एस. जयशंकरले वैश्विक भू-राजनीतिक स्थितिको जटिलता, संकेंद्रित आपूर्ति श्रृंखलाहरु, व्यापार अनि वित्तलाई हतियार बनाएकोमा अनि डेटा प्रवाहको अपारदर्शितामा चिंता व्यक्त गर्नुभएको छ।
- महाकुम्भको अन्तिम सप्ताहमा यात्रुहरूको भीड व्यवस्थापन गर्न रेलवेले तयारी पुरा गरेको छ।
- दिल्ली सरकारले **आयुष्मान भारत स्वास्थ्य बीमा योजना** लागू गर्ने निर्णय गरेको छ।
- केन्द्रीय ऊर्जा मन्त्री मनोहर लालको अध्यक्षतामा हिज नयाँ दिल्लीमा विद्युत क्षेत्रसँग सम्बन्धित क्षेत्रीय बैठक आयोजना गरियो।
- आईसीसी चैंपियंस ट्रॉफीमा भारतकले हिज ग्रुप ए को आफ्नु पहिलो म्याचमा बांग्लादेशलाई छ विकेटले पराजित गरेको छ ।

**प्रधानमंत्री सम्मेलन**

प्रधानमंत्री नरेंद्र मोदीले आज स्कूल ऑफ अल्टीमेट लीडरशिप-सोल लीडरशिप कॉन्क्लेवको पहिलो संस्करणको उद्घाटन गर्नुहुनेछ। नयाँ दिल्लीको भारत मंडपममा आयोजित हुने यस सम्मेलनमा भूटानका प्रधानमंत्री दाशो त्शेरिंग तोबगेले सम्मानित अतिथिको रूपको मुख्य भाषण दिनुहुनेछ। हाम्रो संवाददाताले बताए अनुसार दुइ दिवसीय सोल लीडरशिप कॉन्क्लेवमा राजनीति, खेल, कला अनि मीडिया, आध्यात्मिक जगत, सार्वजनिक नीति, व्यवसाय अनि सामाजिक क्षेत्र लगायत विविध क्षेत्रहरुका प्रणेताहरुले आफ्नु प्रेरक जीवन गाथाहरु साझा गर्नेछन्। सोल लीडरशिप कॉन्क्लेवले सहयोग अनि विचार नेतृत्वको पारिस्थितिकी तंत्रलाई बढ़ावा दिनेछ अनि युवाहरुलाई असफलताहरु अनि सफलताहरु दुवै कुरा सीखनका लागी प्रेरित गर्दछ। स्कूल ऑफ अल्टीमेट लीडरशिप गुजरातको एक अग्रणी नेतृत्व संस्थान हो जसलाई प्रामाणिक नेताहरुको सार्वजनिक कल्याण कार्यलाई बढ़ाउन अनि सक्षम बनाउनका लागी तैयार गरिएको हो। यसको उद्देश्य औपचारिक प्रशिक्षण द्वारा भारतमा राजनीतिक नेतृत्व परिदृश्यलाई व्यापक बनाएर ती मानिसहरुलाई शामिल गर्न हो जो राजनीतिक वंशवाद बाट नभएर योग्यता, प्रतिबद्धता अनि सार्वजनिक सेवाको इच्छले अघि बढ़द्छन् ।

****** ० ******

**प्रधानमंत्री मराठी साहित्य सम्मेलन**

प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा अखिल भारतीय मराठी साहित्य सम्मेलनको उद्घाटन गर्नुहुनेछ। यो यस सम्मेलनको ९8ओ संस्करण हो। सरकारले हालै मराठीलाई शास्त्रीय भाषाको दर्जा दिएको छ। तीन

दिने सम्मेलनमा प्यानल छलफल, पुस्तक प्रदर्शनी र सांस्कृतिक कार्यक्रमहरूको सत्रहरू हुनेछन् र मराठी साहित्यको शाश्वत प्रासंगिकता, भाषाको संरक्षण, साहित्यिक कृतिहरूको अनुवाद र डिजिटलाइजेसनबारे छलफल गरिनेछ।

****** ० ******

**जयशंकर-जी20 विदेश मंत्री**

विदेश मंत्री डॉ. एस. जयशंकरले वैश्विक भू-राजनीतिक स्थितिको जटिलता, संकेंद्रित आपूर्ति श्रृंखलाहरु, व्यापार अनि वित्तलाई हतियार बनाएकोमा अनि डेटा प्रवाहको अपारदर्शितामा चिंता व्यक्त गर्नुभएको छ। दक्षिण अफ्रीकाको जोहान्सबर्गमा हिज जी20 विदेश मंत्रिहरुको बैठकलाई संबोधित गर्नुहुदै डॉ. जयशंकरले आर्टिफिशियल इंटेलिजेंस अनि इलेक्ट्रिक व्हीकल, अंतरिक्ष, ड्रोन अथवा हरित हाइड्रोजनको अलग-अलग विकासको स्पष्ट भू-राजनीतिक प्रभाव रहेको बताउनुभयो। उहाँले वैश्विक घाटा कम गर्नका लागी बहुलवादको आवश्यकता माथी जोड दिनुभयो। विदेश मंत्रीले अंतर्राष्ट्रीय सहयोग अपारदर्शी नहुनुपर्ने अनि वैश्विक एजेंडा एकतर्फी र केही व्यक्तिहरूको हितमा सीमित हुन हुदैन भनि बताउनु भयो। उहाँले मतभेदहरू विवादमा परिणत हुनुहुँदैन, विवादहरू द्वन्द्वमा परिणत हुनुहुँदैन र द्वन्द्वहरूले ठूलो विनाश निम्त्याउनुहुँदैन भन्ने कुरामा जोड दिनुभयो। विदेशमन्त्री डा. जयशंकरले भारतले गाजा युद्धविराम र बन्धकहरूको रिहाइको स्वागत गर्दछ भनि बताउनु भयो। उहाँले लेबनानमा युद्धविराम कायम राख्नु र समावेशी सिरियाली नेतृत्वको समाधान सुनिश्चित गर्नु महत्त्वपूर्ण भएको बताउनुभयो। उहाँले पश्चिम एसियामा शान्ति र स्थायित्व सम्पूर्ण विश्वका लागि महत्त्वपूर्ण रहेको पनि बताउनुभयो।

****** ० ******

**महाकुंभ - जेल**

उत्तरप्रदेशको जेलहरुमा बंद रहेका कैदीहरुले आज जेल परिसरमा नै महाकुंभ स्नान गर्नेछन्। यसका लागी जेल परिसरमा प्रयागराजको त्रिवेणी संगमको जल ल्याइनेछ । हमारे संवाददाताले बताए अनुसार यसले कैदिहेरुलाई आफ्नु धार्मिक अनि सांस्कृतिक मान्यताहरु पालन गर्ने अवसर प्रदान गर्नेछ।

****** ० ******

**रेलवे-महाकुंभ**

महाकुम्भको अन्तिम सप्ताहमा यात्रुहरूको भीड व्यवस्थापन गर्न रेलवेले तयारी पुरा गरेको छ। यसका लागि, धेरै स्टेशनहरूमा प्लेटफर्महरू बाहिर होल्डिंग क्षेत्रहरू सिर्जना गरिएको छ जहाँबाट यात्रुहरूको आवागमन नियन्त्रण गरिनेछ। यात्रुहरूलाई रेलहरूको निर्धारित प्रस्थान समय अनुसार मात्र प्लेटफर्ममा प्रवेश गर्न अनुमति दिइनेछ। शनिबार नयाँ दिल्ली रेलवे स्टेशनमा भएको भागदडलाई ध्यानमा राख्दै, अयोध्या, वाराणसी, गाजियाबाद, नयाँ दिल्ली र आनन्द विहार लगायत प्रमुख स्टेशनहरूमा विशेष होल्डिङ क्षेत्रहरू सिर्जना गरिएको छ र थप रेलवे सुरक्षा बल (RPF) कर्मचारीहरू तैनाथ गरिएको छ।

****** ० ******

**दिल्ली कैबिनेट**

दिल्ली सरकारले **आयुष्मान भारत स्वास्थ्य बीमा योजना** लागू गर्ने निर्णय गरेको छ। दिल्लीकी मुख्यमंत्री रेखा गुप्ताले हिज बेलुकी पहिलो मंत्रिमंडल बैठक पछि यो कुरा बताउनुभयो। उहाँले दिल्ली सरकारको तर्फा बाट 5 लाख रुपियाँ टॉप-अप का साथ आयुष्मान भारत योजनालाई सर्वसम्मतिले मंजूरी दिएको अनि यसलाई चाडै लागू गरिने बतउनु भयो। उहाँले यो पनि बताउनु भयो कि विधानसभाको पहली बैठकमा नियंत्रक अनि महालेखा परीक्षक-सीएजी को 14 रिपोर्टें पेश गरिने छ। हाल मुख्यमन्त्रीले सामान्य प्रशासन, सेवा, वित्त, राजस्व, महिला तथा बाल विकास, भूमि तथा भवन, सूचना तथा जनसम्पर्क, सतर्कता, प्रशासनिक सुधार, योजना र अन्य कुनै पनि

मन्त्रीलाई नदिइएका विभागहरूको जिम्मेवारी सम्हाल्नुहुनेछ। आशिष सूदले गृह, ऊर्जा, शहरी विकास, शिक्षा, उच्च शिक्षा तथा तालिम, र प्राविधिक शिक्षा विभागको जिम्मेवारी सम्हाल्नेछन्। प्रवेश वर्माले सार्वजनिक निर्माण विभाग, विधायी मामिला, सिँचाइ तथा बाढी नियन्त्रण, गुरुद्वारा चुनाव र पानी विभाग हेर्नेहुनेछ। सरदार मनजिंदर सिंह सिरसालाई खाद्य तथा आपूर्ति, वन तथा वातावरण र उद्योग विभागको जिम्मेवारी दिइएको छ। डा. पंकज कुमार सिंह स्वास्थ्य तथा परिवार कल्याण, यातायात र सूचना प्रविधिको जिम्मेवारीमा रहनेछन्। कपिल मिश्रालाई कानून तथा न्याय, श्रम विभाग, रोजगार, विकास, कला तथा संस्कृति र भाषा तथा पर्यटन विभागको जिम्मेवारी दिइएको छ।

****** ० ******

**विद्युत-क्षेत्रीय बैठक**

केन्द्रीय ऊर्जा मन्त्री मनोहर लालको अध्यक्षतामा हिज नयाँ दिल्लीमा विद्युत क्षेत्रसँग सम्बन्धित क्षेत्रीय बैठक आयोजना गरियो। ऊर्जा मन्त्रालयले उत्तरी राज्यहरूको सहभागितामा यो क्षेत्रीय बैठकको आयोजना गरेको थियो। दिल्ली, हरियाणा, हिमाचल प्रदेश, जम्मू कश्मीर, लद्दाख, मध्य प्रदेश, पञ्जाब, राजस्थान, उत्तर प्रदेश र उत्तराखण्डका प्रतिनिधिहरूले यसमा भाग लिएका थिए। सरोकारवालाहरूलाई सम्बोधन गर्दै ऊर्जा राज्यमन्त्री श्रीपाद येसो नाइकले देशको विद्युत क्षेत्रको समग्र विकासको लागि वितरण क्षेत्रको वित्तीय व्यवहार्यता आवश्यक रहेको बताउनुभयो। उहाँले विद्युतीय सवारी साधन, डाटा सेन्टर जस्ता खपतका नयाँ क्षेत्रहरू र नवीकरणीय ऊर्जा एकीकरण, ब्याट्री भण्डारण, महत्वपूर्ण पूर्वाधारको साइबर सुरक्षा र पम्प भण्डारण जस्ता उदीयमान क्षेत्रहरूमा विद्युतको बढ्दो माग पूरा गर्न सबै सरोकारवालाहरूबाट सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो। उहाँले २०४७ सम्ममा विकसित राष्ट्र बन्ने भारतको लक्ष्यमा ऊर्जा क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो। यसका लागि नवीकरणीय र आणविक ऊर्जा स्रोतहरूको एकीकरण आवश्यक छ।

****** ० ******

**काश पटेल - एफबीआई निदेशक**

अमेरिकी सिनेटले राष्ट्रपति डोनाल्ड ट्रम्पका सहयोगी भारतीय मूलका काश पटेललाई एफबीआई निदेशकको रूपमा अनुमोदन गरेको छ। यद्यपि, उहाको मनोनयनको अलास्काकी रिपब्लिकन सिनेटर लिसा मुर्कोवस्की र मेनकी सुसान कोलिन्सले विरोध गरे। तर यी बाहेक, श्री पटेलले सिनेट अल्पसंख्यक नेता मिच म्याककोनेल सहित अन्य रिपब्लिकन सांसदहरूको समर्थन प्राप्त गर्न सफल हुनु भयो । सिनेटर म्याकोनेलले यसअघि ट्रम्पका अन्य मनोनयनहरूको विरोध गरिसकेका छन्। सिनेटले अनुमोदन प्रस्तावलाई ४९ को विपक्षमा ५१ मतको झिनो अन्तरले पारित गर्‍यो। सिनेटमा रहेका सबै डेमोक्र्याटिक पार्टीका सांसदहरूले प्रस्तावको विपक्षमा मतदान गरे।

****** ० ******

**महासचिव-अन्तर्राष्ट्रिय समुद्री संगठन**

अन्तर्राष्ट्रिय समुद्री संगठन (आईएमओ) का महासचिव श्री आर्सेनियो डोमिनगेज़ले समुद्री उद्योग विकास गर्न भारतको प्रयासको प्रशंसा गर्नुभएको छ। उहाले IMO को विश्वव्यापी लक्ष्यहरू प्राप्त गर्न अन्तर्राष्ट्रिय सहयोगको महत्त्व दोहोर्याउनु भयो । मुम्बईको पवईस्थित समुद्री प्रशिक्षण संस्थानको भ्रमणको क्रममा उहालाई शिपिंग कर्पोरेशन अफ इन्डिया लिमिटेड र शिपिंग कर्पोरेशन अफ इन्डिया ल्याण्ड एण्ड एसेट्स लिमिटेडले स्वागत गरेको थियो। श्री डोमिनगेज़ले समुद्री सुरक्षा, वातावरण संरक्षण, कृत्रिम बुद्धिमत्ता जस्ता प्राविधिक प्रगति, स्वचालित ट्र्याकिङ प्रणाली, निजी जहाजहरू र विश्वभर समुद्री पूर्वाधारको विकासमा IMO को भूमिकाको उल्लेख गर्नु भयो । उहाले विकासशील अर्थतन्त्रहरूसँग निरन्तर प्राविधिक सहयोग र उद्योग अभ्यासहरूमा पारदर्शिताको लागि आह्वान गर्नु भयो । जहाज महानिदेशक श्याम जगन्नाथनले भारतलाई तेस्रो ठूलो र द्रुत गतिमा बढ्दो अर्थतन्त्रको रूपमा विश्वव्यापी समुद्री नेताको रूपमा स्थापित गर्न भारतको समुद्री भविष्य योजना २०३० र समुद्री अमृत काल भविष्य भिजन योजना २०४७ मा जोड दिनु भयो ।

****** ० ******

**नागालैंड-एनिमेशन**

नागालैंड सरकारले राज्यमा एनिमेशन, विजुअल इफेक्ट्स, गेमिंग, कॉमिक्स अनि एक्सटेंडेड रियलिटी क्षेत्रलाई बढ़ावा दिनका लागी एक कार्यदल गठित गर्ने निर्णय गरेको छ। राजधानी कोहिमामा मुख्य सचिव डॉ. जे आलमको अध्यक्षतामा भएको बैठकमा यो निर्णय लिएको हो। यो कदम केंद्र सरकारको मनोरंजनको यी क्षेत्रहरुमा ध्यान केन्द्रित गरिने कुराको  अनुरूप हो। बैठकमा विभिन्न प्रशासनिक विभागाध्यक्षहरु, विभाग प्रमुखहरु अनि संबंधित अधिकारिहरुले भाग लिएका थिए। यस बैठकमा राज्यमा एनिमेशन, विजुअल इफेक्ट्स, गेमिंग, कॉमिक्स अनि एक्सटेंडेड रियलिटी क्षेत्रको विकास सँग संबंधित व्यापक उपायहरु माथी चर्चा गरियो।कार्यदलमा सबै सम्बन्धित विभागका प्रतिनिधिहरू समिल हुनेछन्। सूचना तथा जनसम्पर्क विभाग यसको केन्द्रीय संयोजक हुनेछ। कार्यदलले यस क्षेत्रको प्रवर्द्धन र विकासको लागि नीतिगत रूपरेखा तयार गर्नेछ।

****** ० ******

**संशोधित आईसीसी चैम्पियंस ट्राफी-भारत-बांग्लादेश**

आईसीसी चैंपियंस ट्रॉफीमा भारतकले हिज ग्रुप ए को आफ्नु पहिलो म्याचमा बांग्लादेशलाई छ विकेटले पराजित गरेको छ । दुबई इंटरनेशनल क्रिकेट स्टेडियममा 229 रनको लक्ष्य पछयाउदै भारतले शुभमन गिलको अविजित  101 रन अनि एल राहुलको अविजित 41 रनको सहायताले 46 ओवर अनि तीन बलमा विजय बनेको छ। शुभमन गिललाई प्लेयर ऑफ द मैच घोषित गरियो। यस भन्दा पहिला, बांग्लादेशले टॉस जितेर पहिला ब्याटिंग गर्दै निर्णय गरेको थियो। चैम्पियंस ट्रॉफी मा आज अफ़गानिस्तानको भिडन्त दक्षिण अफ़्रीका सँग हुनेछ। कराचीको नेशनल स्टेडियममा मैच भारतीय समय अनुसार अपरान्ह दुई बजेर तीस मिनटमा शुरू हुनेछ। आइतबार दुबई इंटरनेशनल क्रिकेट स्टेडियममा भारतको भिडन्त पाकिस्तान सँग हनेछ।

****** ० ******